प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, नेपाल

फोन: ०५७-५२४८३६
ईमेल: moh@bagamati.gov.np

प.सं. :
च.नं. :

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, नेपाल

मितिः

## प्रेस विज्ञप्ति

हालसालै अफ्रिकी मुलुकमा पहिचान भएको र फैलिएको कोभिड-१९ को नयाँ भेरिएन्ट-ओमिक्रोन (SARS-CoV2 Omicron, B.१.१.५२९) युरोप, एशिया, अमेरिका लगायतका अन्य केहि मुलुकहरूमा तीव्र रुपमा फैलिरहेको छ। विश्व स्वास्थ्य संगठनले यो नयाँ भेरिएन्टलाई विश्वव्यापी भेरिएन्ट अफ कन्सर्न (Variant of Concern) भनी घोषणा पनि गरेको छ तथापि हालसम्म उक्त भेरिएन्ट नेपालमा फेला परिसकेको अवस्था छैन। नेपाल लगायतका मुलुकहरुमा समेत उक्त कोभिडको नयाँ भेरिएन्ट ओमिक्रोन फैलन सक्ने उच्च जोखिम रहेकोले सो कोभिड-१९ को नयाँ भेरिएन्ट ओमिक्रोन नेपालमा फैलनु अगाडि नै सावधानीका उपायहरु अपनाई कोभिड-१९ को ओमिक्रोन भेरिएन्ट प्रवेश हुन नदिन, यसलाई रोकथाम गर्न तथा प्रादेशिक अस्पताल तथा स्वास्थ्य संस्थाहरूको क्षमता वृद्धि गर्न प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशले सम्बन्धित सबै निकायहरुसंग आवश्यक समन्वय गर्ने, सक्रिय गराउने तथा पूर्वतयारीका कार्यहरु गरिरहेको व्यहोरा सबैमा अनुरोध छ।

कोभिड-१९ रोगलाई रोकथाम गर्न हामी सबै सचेत र जिम्मेवार बन्न जरुरि छ। त्यसैले सबै नागरिकहरुले निम्न लिखित जनस्वास्थ्यका मापदण्डहरूको निरन्तर नियमित रुपमा कडाईका साथ पालना गर्न गराउन हुन अनुरोध छः-

- कोभिड-१९ बिरुद्धको खोपले संक्रमण तथा गम्भीर संक्रमण र मृत्युहुनबाट बचाउने भएकोले आफुलाई पायक पर्ने खोप केन्द्रमा गई १८ वर्षभन्दा माथिका सम्पूर्ण व्यक्तिहरुले कोभिड-१९ बिरुद्धको खोप लगाउन हुन,
- सकेसम्म आवश्यक काम नपरी घर बाहिर ननिस्कने र हिडडुल नगर्ने,
- घरबाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्क लगाउने,
- घरबाहिर निस्कदा मानिसहरुको भिडभाड भएको ठाउमा नजाने,
- घरबाहिर अन्य व्यक्तिहरुसँग भेट्दा वा कुरा गर्दा २ मिटरको दुरी कायम गर्ने,
- दैनिक पटक पटक साबुन पानीले मिचिमिची हात धुने वा सेनिटाइजर प्रयोग गर्ने,
- कसैसंग पनि हात नमिलाउने वा मान्छेसँग प्रत्यक्ष सम्पर्क नगर्ने
- खोक्दा वा हाच्छिउ गर्दा नाक मुख मास्कले छोप्नुपर्ने,
- रुघाखोकी लाग्ने, ज्वरो आउने र सास फेर्न कठिनाई हुने जस्ता लक्षण देखा परेमा स्वास्थ्य जाँच गराउने,
- कोभिड १९ को शंका लागेमा पी.सी.आर वा एन्टीजेन परिक्षण गराई हाल्ने,

मितिः २०७८/०८/१७

.....................
बसन्त अधिकारी
प्रवक्ता